सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक
# ज्योती जागरण
# Jyoti Jagran Daily

वर्षः २ | अंक : १३० | वि.सं. २०७९ मंसिर २४ गते शनिबार | 10, 2022 Saturday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## गुरुकुल एकेडमीको आतंक ,विद्यार्थीहरूलाई शारीरिक र मानसिक यातना दिँदै ।

कृष्णा प्र. कुशवाहा

। पर्साको बिरगंज चिनिमिल आवास क्षेत्र अगाडि रहेको गुरुकुल एकेडमी बोर्डिङ स्कुलले विद्यार्थीहरुलाई शारीरिक र मानसिक रूपमा यातना दिँदै आएको एक अभिभावकले बताएका छन् ।

गुरुकुल एकेडमी बोर्डिङ स्कुल वीरगन्जले आन्तरिक परीक्षाको नाउँमा मात्र पैसा असुल्ने काम गरेको छ । विद्यालयका कर्मचारी तथा शिक्षकहरूले आंतरिक परीक्षाको नाममा विद्यार्थीहरुलाई कक्षा कोठामा शुल्क तिर्न धाकधम्की समेत दिँदै आएका छन् ।



यति मात्र होइन कक्षा संचालन हुनु भन्दा अगाडि विद्यार्थीहरुलाई कक्षा कोठा बाहिर लगेर घण्टौं उभाइय शारीरिक यातना दिँदै आएको एक अभिभावकले बताए। अभिभावक अनुसार म अहिले काठमाडौं छु मेरो छोरालाई हिजो कक्षा कोठामा मानसिक रूपमा यातना दिई भोलि सम्म जसरी भए नी शुल्क तिर्नु पर्ने भनेका थिए । छोरा घर फर्के पछि हामीलाई जानकारी गरायो जानकारी पाए पछि मैले कुरा गरी २८ गते देखि परीक्षा सञ्चालन हुने हो म २८ गते भित्र आएर शुल्क तिर्न भने पनि आज मेरो छोरालाई बाहिर घण्टौं उभ्याई शारीरिक र मानसिक यातना गुरुकुल एकेडमी बोर्डिङ स्कुलले दिएको छ ।

मेरो छोरा जस्तो कति विद्यार्थी हरुलाई गुरुकुल एकेडमीका कर्मचारी तथा शिक्षकहरूले यस्तै गरी शारीरिक र मानसिक यातना दिई रहेका छन् कति विद्यार्थीहरुले डरका कारण आफना अभिभावकलाई समेत जानकारी गराएका छैन ।

गुरुकुल एकेडमी बोर्डिङ स्कुलको शुल्क आतंकका कारण अभिभावक तनावमा छन् । परीक्षा सञ्चालनका लागि पुरा गर्नुपर्ने न्यूनतम कोर्स भने पुरा भएको छैन ।

तर स्कुलले कुनैपनि पठन पाठनमा सामेल नभएका विद्यार्थीलाई

बाँकी तेश्रो पृष्ठमा

## पालिका स्तरीय पूर्ण खोप तथा दिगोपना समीक्षा गोष्ठी कार्यक्रम सम्पन्न



**रामजी यादव २३ मंसीर ।** पर्सा ३ बहुदरमाई नगरपालिकाको कार्यालयमा पालिका स्तरीय पूर्ण खोप तथा दिगोपना समीक्षा गोष्ठी कार्यक्रम आज सम्पन्न भएको छ।

स्वास्थ्य कार्यालय पर्सा मधेश प्रदेशको आयोजनामा तथा नगरप्रमुख सिगांसन साहको प्रमुख आतिथ्यमा १२महिना देखि २३महिना सम्मको मुन्नी बच्चाहरुको लागि सम्पूर्ण खोप पाईसकेको अवस्थामा पालिका स्तरीय पूर्ण खोप तथा दिगोपना समीक्षा गोष्ठी कार्यक्रम सम्पन्न भएको हो।

जिल्ला स्वास्थ्य कार्यालय पर्सा शाखाका खोप शाखा प्रमुख भागीरथ चौधरी तथा बहुदरमाई नगरपालिका को स्वास्थ्य शाखा प्रमुख बिरेन्द्र साहले नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकीका प्रमुखहरुलाई पूर्ण खोप तथा दिगोपना गोष्ठी समीक्षाको बारेमा प्रशिक्षण दिनु भएको थियो।बहुदरमाई

बाँकी तेश्रो पृष्ठमा

## रोटरी क्लब वीरगंजले अब निःशूल्क कृतिम हात पनि उपलब्ध गराउने ।


Rotary Mahaveer Jaipur Foot Rehabilitation Centre
A Unit Of Rotary Diagnostic Centre Birgunj (Nepal)

**वीरगञ्ज ।** कृत्रिम मानव खुट्टा निःशूल्क उपलब्ध गराउँदै आएको रोटरी क्लब अफ वीरगञ्जले अबदेखि कृत्रिम हात पनि उपलब्ध गराउने भएको छ ।

गएको १८ महिनामा ३ सयभन्दा बढीलाई कृत्रिम खुट्टा जोडेर सहज जीवन यापन गराउन सफल भएको रोटरीले बिहीबारबाट हात गुमाएकाहरुलाई कृत्रिम हात जोड्न सुरु गरेको हो ।

वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले बिहीबार एक कार्यक्रमकाबीच वीरगञ्ज २७ उदयपुर घुर्मीका उपेन्द्र पटेलको देब्रे हातमा कृत्रिम हात जोडेर रोटरीको निशुल्क हात उपलब्ध गराउने अभियानको सुभारम्भ गरेका छन् ।

दुर्घटनामा परी हात गुमाएका पटेलले दैनिक जीवन यापनमा भोग्दै आउनु परेको कठिनाई कृत्रिम हात जडान गरेपछि केही सहज हुने विश्वास लिएका छन् ।

भारी बस्तु उचाल्न नसके पनि सामान्य जीवन यापनमा कृत्रिम हातले निकै सहज पुर्याउने कृत्रिम हात खुट्टा जडान गर्दै आएका रोटरीका

बाँकी तेश्रो पृष्ठमा

## जानकीटोला निवासी एकजना अपाङ्ग बालकलाई ह्वीलचेयर प्रदान



जगरनाथपुर । सामाजिक अभियन्ता बृजेश्वरप्रसाद चौधरीको पहलमा शिवम् गुप्ताले बिहीवार जगरनाथपुर गाउँपालिका-२ जानकीटोला निवासी एकजना अपाङ्ग बालकलाई ह्वीलचेयर

बाँकी अन्तिम पृष्ठमा

## वीरगञ्जको शैक्षिक क्षेत्र सुधारका लागि विद्यालय वर्गिकरण गरिएको हो : महानगर

**वीरगञ्ज - वीरगञ्ज महानगरपालिकाले नेपालमै पहिलो पटक संस्थागत (निजी) विद्यालयहरुको स्तर वर्गिकरण गरेर शुल्क निर्धारण गरेको छ ।**

**लामो समयको प्रयासपछि महानगरले निजी विद्यालय वर्गिकरण गरेर बुधबार सूची नै सार्वजनिक गरेको हो ।**

**नेपाल सरकारले तय गरेको विधि र प्रकृयासम्मत ढंगले संस्थागत विद्यालयको स्तर वर्गीकरण गरिएकाले अनावश्यक भ्रम नछर्न महानगरका मेयर राजेशमान सिंहले आग्रह गरे ।**

**वर्गिकरणाका विषयमा जानकारी दिन महानगरको सभाहलमा आयोजित पत्रकार सम्मेलनमा मेयर सिंहले भने, 'संस्थागत विद्यालयहरुको वर्गिकरण र शुल्क निर्धारण सरोकारवाला र शिक्षा विज्ञहरु सम्मिलित टोलीले विधी र प्रकृया संगत ढंगले गरेको हो, यसमा कसैले भ्रम छर्ने काम नगरौ ।'**



**वर्गिकरणका लागि फारम भरेका संस्थागत विद्यालयहरुको महानगरबाट गठित टोलीले स्थलगत रुपमै अनुगमन गरेर निर्धारण गरिएको सूचक बमोजिम पाइएका विद्यालयलाई त्यही अनुरुप वर्गिकरणमा राखिएको उनले बताए ।**

**महानगरले विद्यालय वर्गिकरणाका लागि विद्यालय स्तरीकरण तथा शुल्क निर्धारण समिति गठन गरेर काम गरेको पनि उनले बताए ।**

**वीरगञ्जको शैक्षिक अवस्था सुधारका लागि वर्गिकरण महत्वपूर्ण रहनेमा आफू विश्वस्त रहेको मेयर सिंहले बताए ।**

**महानगरका शिक्षा शाखा प्रमुख अरविन्द लाल कर्णले महानगरमा रहेका ११९ वटा सामुदायिक विद्यालयहरु मध्ये अहिले ५८ वटा विद्यालयको वर्गिकरण गरिएको र वर्गिकरणका लागि नआएका सबै विद्यालयलाई तल्लो तहको वर्गिकरणमा राखिदिएको पनि जानकारी दिए ।**

**विद्यालय वर्गिकरणका लागि महाशाखाभन्दा बाहिरका शिक्षाविद् अभिभावक तथा विज्ञहरुलाई अनुगमनको जिम्मा दिएर आफूहरुले**

बाँकी तेश्रो पृष्ठमा



# ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# महँगो उपचार खर्चले बुनेको गरिबीको जालो

**तारानाथ सापकोटा**

काभ्रेको दोलालघाटका ६३ वर्षीय पुरुषको मुटुमा समस्या देखिएको निकै पछि अस्पताल जाँदा डाक्टरले शल्यक्रिया गर्नुपर्ने बताए, जसका लागि झन्डै ५ लाख रुपैयाँ जोहो गर्नुपर्ने भयो। स्कुलमा ज्यालादारी पियनका रूपमा काम गरिरहेका उनका लागि त्यो रकम असम्भव थियो। बेच्नलायक सम्पत्ति थिएन। मधुमेहकी बिरामी श्रीमतीमा अझै कामको बोझ थपियो। उपचार गर्न नसकेपछि पेनकिलर खाँदै मृत्युलाई खुला चुनौती दिएर बसे।

छोरा पढाइ छोडेर बसमा 'हेल्पर' को काम थाल्न बाध्य भए। किन उपचार गर्न नजानुभएको भन्ने प्रश्नमा निकै बेरको मौनता नै उनको उत्तर थियो। र अन्तिममा उनको हृदयबाट चिसो आवाज निस्क्यो, 'हामी गरिबले कहाँबाट ल्याउनु त्यत्रो पैसा ?' यो एउटा सपाट उत्तर मात्रै थिएन, गरिब जनतामा राज्यप्रतिको भरोसा टुटिसकेको अभिव्यक्ति पनि थियो।

काभ्रेकै एक ७० वर्षीय वृद्धले मन्द पेट दुखेको अनुभव गरे। सामान्य ठानेर खासै वास्ता गरेनन्। तर दुखाइ निको हुनुको साटो झन् बढ्दै गयो। नजिकको फार्मेसीबाट झन्डै एक वर्ष दुखाइ कम गर्ने औषधि खाइरहे। एक दिन मलद्वारबाट अत्यधिक रक्तस्राव भएपछि अस्पताल जाँदा ठूलो आन्द्राको क्यान्सर विकसित अवस्थामा पुगिसकेको पहिचान भयो।

त्यसपछि औषधोपचारमा झन्डै १५ लाख खर्च भयो, उनीहरूले ऋण लिएर उपचार गरे। बाबुको मृत्युपश्चात् पनि छोरा ऋण तिरिरहेका छन्, जुन तिरिसक्न उनको कमाइले वर्षौं लाग्नेछ। उपचार खर्चका कारण परिवारको खानपान, जीवनयापन र बच्चाहरूको पढाइमा नराम्रो असर परेको छ।

काभ्रे जिल्लानिवासी एक ३५ वर्षीय व्यक्ति स्वास्थ्यमा समस्या देखिएपछि लक्षणका आधारमा फार्मेसीबाट औषधि किनेर खाँदै बसे। स्वास्थ्य झनै खराब भएपछि अस्पताल जाँदा बोन म्यारोको क्यान्सर पहिचान भयो। त्यसपश्चात् परीक्षण, उपचार र औषधिको सिलसिला झन्डै चार वर्ष चल्यो।

यो अवधिमा झन्डै ३५ लाख रुपैयाँ खर्च भयो। र पनि उनको निधन भयो। उपचार खर्चका लागि पुर्खौली सम्पत्ति बेच्नुपरेकाले श्रीमती र दुई बच्चाहरूसँग केही बाँकी रहेन। जीविकोपार्जन, पढाइ लगायत सबै कुरामा समस्या उत्पन्न भयो। ठीकठाकै अवस्थाबाट एउटा परिवार अचानक गरिब बन्न पुग्यो। यसरी उपचारमा गरिएको खर्चले सिङ्गो परिवार दीर्घ गरिबीको दुश्चक्रमा फस्यो।

उल्लिखित घटनाले नेपालमा दीर्घरोग स्वास्थ्य समस्यामा मात्रै सीमित छैन, यसका बहुआयामहरू छन् भन्ने पुष्टि हुन्छ। दीर्घरोग स्वास्थ्यभन्दा बढी सामाजिक समस्या बनेको छ। दीर्घरोगको उपचारमा ठूलो रकम खर्च गरेर औसत आर्थिक स्थिति भएकाहरू गरिब बन्छन् भने गरिब परिवारहरू दीर्घ गरिबीको दुश्चक्रमा धकेलिन्छन्। यस्तो अवस्थामा निम्नमध्यमवर्गीय जनसंख्या र गरिबीको रेखामुनिको जनसंख्या सबैभन्दा खतराको सूचीमा छ। नेपालजस्तै निम्न आय भएका देशहरूमा दीर्घरोग र यसले निम्त्याउने सामाजिक-आर्थिक समस्या विकराल देखिन्छ।

दीर्घरोग : एक वैश्विक संकट

विश्व स्वास्थ्य संगठनका अनुसार दीर्घरोग संसारभर बर्सेनि ६० देखि ७० प्रतिशत मृत्युको कारक बनिरहेको छ। अल्पविकसित देशहरूमा दीर्घरोगको समस्या झनै विकराल छ। औसत आयुमा वृद्धि, बढ्दो सामाजिक असमानता, गरिबी र जीवनशैलीमा आएको परिवर्तनका कारण दीर्घरोगको ग्राफ नेपालमा पनि निरन्तर बढ्दो छ। विभिन्न अध्ययनका अनुसार नेपालमा ६६ प्रतिशत मृत्युको कारण दीर्घरोग बनेको छ। शिवराज मिश्रा लगायतको अध्ययन अनुसार पछिल्लो समय ओपीडीमा आउने ८० प्रतिशत बिरामी दीर्घरोगका छन्।

दीर्घरोग बिरामीको शारीरिक पीडासितभन्दा पनि आर्थिक व्यवस्थापन र परिवारका अन्य सदस्यको मनोसामाजिक अवस्थासँग अझै भयावह रूपमा जोडिएको छ। महँगो औषधोपचारले दीर्घरोगलाई असाध्य महँगो बनाएको छ। स्वास्थ्य बिमाको प्रावधान नभएका संसारका धेरै निम्न र मध्यम आय भएका देशहरूमा उपचार खर्च व्यक्ति स्वयंले वहन गर्छन्। केही अध्ययनको निष्कर्ष अनुसार नेपालमा झन्डै ७० प्रतिशत उपचार खर्च व्यक्ति स्वयंले गर्छन्।

विश्व स्वास्थ्य संगठन अनुसार नेपालमा बजेटको ६ प्रतिशत मात्रै स्वास्थ्य क्षेत्रमा छुट्याइन्छ, जुन संसारकै कममध्ये एक हो। तर यसकै पनि ठूलो हिस्सा प्रशासनिक खर्चमै सकिन्छ।

यही थोरै बजेटबाट, बर्सेनि थपिँदै गएका दीर्घरोगका बिरामीहरू र महँगा औषधोपचारमा राज्य सहयोगी बन्नु आफैँमा मुस्किल छ भने छुट्याइएकै रकमको पनि सही व्यवस्थापन हुन सकेको छैन। विश्व स्वास्थ्य संगठनको तथ्यांकका आधारमा नेपालीको औसत आयु बढेर ७० वर्ष पुगे पनि औसत स्वस्थ आयु लगभग ६२ वर्षमै सीमित छ। प्रस्ट छ, नेपालीहरूलाई कम उमेरमै रोगले समात्छ र बाँकी उमेर औषधोपचारमा बित्छ। उत्पादनशील उमेर घटेपछि आम्दानी घट्छ। यसले समग्र देशको आर्थिक अवस्था र समृद्धिमा असर गर्छ। फेरि, कुनै समय सम्भ्रान्तहरूको रोगले चिनिएका दीर्घरोगहरू 'पाराडाइम सिफ्ट' गरेर गरिबहरूको रोग बनेका छन्।

उपचार खर्चको सकस

दीर्घरोगसँगै खर्चको विशाल भार पनि गाँसिएर आउँछ, त्यसकारण दीर्घरोगी र तिनका परिवार धेरै समस्याहरूसँग एकसाथ जुध्न बाध्य हुन्छन्।

दीर्घरोगबाट सृजित आर्थिक संकटसँग जुध्न नेपाली परिवारले अवलम्बन गर्ने योजनाहरू उल्टै उनीहरूका लागि गरिबीको जालो बनिदिन्छन्। परिवारको मुख्य कमाउने व्यक्ति नै बिरामी भएपछि परिवारको आम्दानी गुम्छ, बाँकी सदस्यको कमाइ पनि धेरैजसो सोही औषधोपचारमा सकिन्छ।

खर्च व्यवस्थापनका लागि अरू शीर्षकका खर्चहरू कटौती गर्नुपर्छ। यिनै कारण, आर्थिक अवस्था कमजोर भएका बिरामीहरूले डाक्टरले भनेका उपचार विधिहरू पालना नगर्ने, तोकिएको भन्दा कम औषधि खाने र खर्चले नधान्ने स्थिति आएपछि औषधोपचारै छाडिदिने गर्छन्। परिणामस्वरूप बिरामीको स्वास्थ्य त बिग्रिन्छ नै, अन्य सदस्यमा तनाव थपिन्छ। भएको सम्पत्ति बेचेर उपचार गर्नुपर्दा सिंगो परिवारै दीर्घ गरिबीको चक्रमा फस्न पुग्छ। बच्चाहरू पढाइ छाडेर कम उमेरमै काम गर्न बाध्य हुन्छन्।

आर्थिक अवस्था केही राम्रा भएका मानिसहरूले सञ्चित रकम प्रयोग गर्छन् तर एउटा विन्दुमा पुगेपछि उनीहरू पनि गरिबीको चक्रमा धकेलिन्छन्।

धनी मानिसहरूलाई खासै आर्थिक कठिनाइ पर्दैन तर सञ्चित धनले नपुगे के गर्ने भन्ने चिन्ता अवश्य रहन्छ। दलित, महिला, पिछडिएको वर्ग र दुर्गम ठाउँका मानिसहरूमा यो समस्या झनै चर्को छ।

असीमित समस्या

गरिब परिवारमा कोही दीर्घरोगबाट ग्रस्त हुनु विशाल संकटको पूर्वार्द्ध मात्रै हो। रोग पहिचान भएपछि व्यक्ति र परिवार विक्षिप्त बन्छ। केहीकेहीमा परिवारको दु:ख देखेर

बाँकी तेश्रो पृष्ठमा

# विपरीत यात्रामा अन्योलग्रस्त वामपन्थीहरु

**टीकाराम भट्टराई**

गन्तव्यभन्दा ठीक विपरीततर्फ पाइला चालियो भने यात्रीहरूको हालत के होला ? जब विपरीत दिशातर्फ पाइला सारिन्छ तब यात्रीहरू अन्योलग्रस्त हुन पुग्छन्। यात्राको सामान्य बुझाइ हो यो। त्यस्तो यात्रामा पनि पाइला त चलेकै हुन्छन्, दूरी पनि पार गरिएकै हुन्छ तर पश्चिमको गन्तव्य निर्धारण गरेर पूर्व हिँडिन्छ भने त्यस्ता यात्रीहरू अन्योलग्रस्त हुनु बिलकुल स्वाभाविक हुन्छ। नेपालका वामपन्थीहरूको अवस्था यस्तै छ।

गन्तव्य थाहा पाएर पनि विपरीत यात्रातिर सगर्व पाइला चालिरहेका छन्। मैले यहाँ वामपन्थको नभएर वामपन्थीको अन्योलग्रस्त यात्राको कुरा गरिरहेको छु। वामपन्थ एउटा विचार, दर्शन, राजनीति र पुँजीवादको विकल्पको बाटो हो।

यो बाटो कसैलाई मन पर्ला वा नपर्ला, त्यो अलग कुरा हो, तर राजनीतिक दर्शनका आधारमा संसार मूलतः वामपन्थ र पुँजीवाद वा दक्षिणपन्थमै विभक्त छ। नेपालमा पनि त्यही विभाजनका आधारमा राजनीतिक दलहरू क्रियाशील छन्। यसर्थ वामपन्थ र दक्षिणपन्थ आफैंमा स्पष्ट गन्तव्य हुन्।

अभिव्यक्त जनादेश

संसदीय व्यवस्थालाई संविधान निर्माण गर्दाकै अवस्थामा स्वीकार गरेर तदनुरूपको संवैधानिक र संसदीय अभ्यासमा रहिआएका नेपालका मूलधारका वामपन्थीहरूको तत्कालको यात्रा संसदीय व्यवस्थाकै हो भन्ने स्पष्ट नै छ। संसदीय यात्राको परिणाम आवधिक निर्वाचनबाट प्राप्त जनादेशको अंकगणितबाटै निर्देशित हुन्छ।

ताजा जनादेशको अंकगणितबाटै विश्लेषण गर्दा, अघिल्लो निर्वाचनबाट प्रत्यक्ष र समानुपातिक गरी एमालेले १२१ सिट र माओवादीले ५३ सिट प्राप्त गरेका थिए। यसपालिको निर्वाचनमा माओवादी करिब ५० प्रतिशत र एमाले करिब ३० प्रतिशतमा खुम्चेका देखिँदै छन्।

यस परिणामले दुइटै वामपन्थी दलहरू अंकगणितका दृष्टिले ओरालो यात्रामा प्रवेश गरेका छन् भन्ने बताउँछ। अर्कातर्फ, वामपन्थको मूल प्रतिस्पर्धी नेपाली कांग्रेसको सिटसंख्या हेर्दा वामपन्थीहरू निकै अघि देखिन्छन्। प्रत्यक्षतर्फ मात्र होइन, समानुपातिकतर्फको मत प्रतिशत विश्लेषण गर्दा पनि कांग्रेसका तुलनामा वामपन्थीहरूमध्येको ठूलो दल एमाले एक्लैको मत बढी देखिन्छ।

विचार र दर्शन अनि कार्यक्रमका आधारमा विभक्त दलहरूको कुरा गर्दा, यस निर्वाचनबाट प्राप्त जनादेश पनि वामपन्थकै हो भन्ने छर्लंग नै छ। नेपालमा अझै वामपन्थको स्पेस दक्षिणपन्थको भन्दा ठूलो र जनादेश पनि वामपन्थकै पक्षमा छ भन्नेमा थप विश्लेषणको जरुरतै पर्दैन। यो तथ्यांकले वामपन्थ विचारप्रति आस्थावान् र वामपन्थबाटै नेपाली समाजको रूपान्तरण सम्भव छ भन्ने नागरिकहरूलाई खुसी नै तुल्याएको हुनुपर्छ।

तर वामपन्थीहरू सरकारमा सम्मिलित भएका बेला पद, प्रतिष्ठा र अवसरको दोहन गरेर शक्ति र सत्ताको मदमा लट्ठिएकाहरूलाई भने जुनसुकै हर्कत गरेर भए पनि सरकारमा जाने र पुनः शक्ति र सत्ताको दोहन गर्ने विषय प्रधान हुन्छ। नेपालको वामपन्थी आन्दोलनमा अहिले यही प्रवृत्ति हावी छ।

आत्मरतिका स्वरहरू

यस निर्वाचनमा अभिव्यक्त कुल जनमत वामपन्थकै पक्षमा भए पनि त्यसलाई खण्डीकरण गरेर हेर्दा अलि भिन्न तस्बिर देखिन्छ। माओवादी दक्षिणपन्थी शक्तिसँग मिलेर पनि आकारमा आधा खुम्चिएको छ।

त्यति मात्र होइन, आफ्नो मतले मात्र प्रत्यक्षतर्फ केवल ६ सिट जितिने आँकडा देख्दादेख्दै आफूलाई त्यसप्रति पछुतो वा ग्लानि भएकोभन्दा पनि एमालेलाई ठूलो दल बन्नबाट रोकेकोप्रति गर्व लागेको अनुभूति गरिरहेको छ।

एकीकृत समाजवादी दक्षिणपन्थी शक्तिको साथ नपाउँदा आफूले एकै सिट नजित्ने तस्बिर आँखाअगाडि देख्दा पनि एमालेलाई करिब दुई दर्जन स्थानमा पराजित गर्न सहयोग गरेकामा गौरवान्वित देखिन्छ। अर्कातर्फ, 'मिसन १५०' को नारा दिएको एमाले प्रत्यक्षतर्फ सोचेभन्दा आधा आकारमा खुम्चिँदा पनि माओवादी र एकीकृत समाजवादीलाई यस पटक साइजमा ल्याएको र अर्को पटक समाप्त पारिने विश्लेषण गरिरहेको छ। यसरी नेपालका वामपन्थी दलहरू एकअर्कालाई सक्ने प्रतिस्पर्धामा लागेका कारण कांग्रेस लगायतका दक्षिणपन्थी शक्तिहरू कुल जनादेशविपरीत वामपन्थीहरूलाई खेलाईखेलाई सत्तामा पुगिरहेका छन्।

वामपन्थीहरूको विभाजनमै दक्षिणपन्थीको शक्ति आर्जन भएको देखिन्छ। दक्षिणपन्थी शक्तिले आफ्नो बलबुतामा होइन, वामपन्थीहरूको विभाजनमा आफ्नो विजय देखिरहेको छ।

यसरी जनादेश एकातर्फ, यात्रा अर्कातर्फ गरिरहेकाले नेपालका वामपन्थीहरू विपरीत यात्रामा हिँडिरहेका छन् भनिएको हो। वामपन्थीहरू एउटै मोर्चामा आउनासाथ अहिले मात्र होइन, अझै

बाँकी तेश्रो पृष्ठमा

# सत्ता दाउपेचको भाष्य

**रमेश भट्टराई 'सहृदयी'**

दूरगामी चिन्तनको दूरदर्शी र पारदर्शी गुणस्तरसहितको विकास बोक्नेले नै अबको चुनावी मार्गलाई पनि फराकिलो बनाउनेछ।

जे-जति सामाजिक-राजनीतिक चिन्तनका कुरा गरे पनि जनतालाई आफ्नै पेवा सम्झने ठूला दलका धेरैजसो दलपतिहरू पुनः जनताबाट अनुमोदित भए। यद्यपि हालसम्मको चुनावी अंकगणितले अब सच्चिने कि सक्किने भन्ने धमाकेदार शिक्षा चाहिँ दिएको छ।

विगतको तुलनामा लोकतन्त्रको सौन्दर्य र प्रजातन्त्रको गरिमालाई वर्तमान चुनावी परिवेशले बढी व्यावहारिकता प्रदान गरिदियो। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को उदयबाहेक एक हिसाबमा हालको नतिजालाई पूर्वानुमान गरिएकै हो भन्नुपर्छ। तर, राजनैतिक शक्तिको बुइँ चढेर नाचिरहने गोलघरभित्रको जनवितृष्णामा पुनः टालाटुली बटुली सरकार बनाउने रस्साकस्सीमा चुनौतीको चाङ छ।

मतपत्रको मसी नसुक्दै सरकारको नेतृत्व गर्नेसँग भारतीय राजदूतको चियाचर्चो हुनुले हाम्रो देशको पराधीन मानसिकतालाई संकेत गरिसकेको छ। एकातिर सिद्धान्तच्युत भई विकसित दुई फरक-फरक गठबन्धनबाट जन्मिएको निषेधको राजनीति र अर्कातिर स्थापित शक्ति खिइएर उदाएका नयाँ शक्तिहरूको सिद्धान्तविहीन राष्ट्रवादवीचको भाष्यमा स्थिर सरकारको गुञ्जाइस नै देखिँदैन। कुनै पनि पार्टीले बहुमत नपुर्‍याउँदा वैचारिक एकताविहीन त्रिशंकु र सत्तालोलुपवादी अस्थिर सरकार बन्ने सम्भाव्यता बढेको छ। सकेसम्म यी ठूला दल मिल्लान् नै तर यदि देश मध्यावधि निर्वाचनमा धकेलिएमा मोटो रकम खर्चिनु पर्नेछ। परिणामतः पुराना पार्टीको विरासत दुब्लाएर नयाँ नेतृत्वलाई जनअनुमोदन प्राप्त हुन सक्छ।

लोकतन्त्रको धज्जी उडाएर जनमतको अवमूल्यन गर्ने पुराना दलभित्र पनि धेरै हदमा निष्कलंकित युवा जोसले जनमत पाएको देखिन्छ। जग्मगाएको राजनैतिक चेत, सकारात्मक अनि रचनात्मक सोचको अपेक्षामा अनुभव र हिम्मतको मिश्रण भए मात्रै यो नवीनताको आलोकले जस पाउनेछ।

उमेरगत सोचको दरारमा हिजोका भुक्तभोगी र नवप्रवेशीबीचको अन्तर्घुलनको जटिलताले चिमोट्न सक्छ। नितान्तविपरीत सिद्धान्तमा राप्रपादेखि ठूला भनिएर पनि खिइएका कांग्रेस, एमाले, माओवादीलगायतका दलबीचको बहुसिद्धान्तसँग ऐक्यबद्धतामा सकस हुन सक्छ। तीन तहको सरकार निर्माणका नीति र अभ्यासमा अभ्यस्त भइसकेपछि अब आएर प्रदेश खारेजीको नारा बोक्नेबीचको बेमेलले अर्को खिचडी पाक्न सक्छ। तथापि नयाँ जोसलाई जनताले साथ दिएर पनि खबरदारी गरिरहलान्, तर जिम्मेवारहरूले देवत्वकृत भएछु भन्ठानेर हिजो स्थापित सामाजिक, सांस्कृतिक, आर्थिक लाभांशमा त्याल काढेमा दानवत्वकृत पनि बन्नै पर्नेछ।

किनकि, यतिखेर दलको अभावका कारण नयाँ शक्तिको उदय भएको होइन। घुम्ने मेचमा भाग पुर्‍याउँदै दोहोरिरहेका सोपानक्रमलाई युवा मनको मतले धक्का दिएको मात्रै हो।

नवप्रवेशीलाई विगतको पाठ

यत्तिका ठूला क्रान्ति गर्‍यौं भन्नेहरूलाई चुनावकै मुखमा पार्टी दर्ता गरेर ठूलै पार्टीसँग मुकाबिला गर्न सक्ने सम्भावना बनाइसकेको रास्वपाले नेपाली राजनैतिक इतिहासमा शान्तिपूर्ण क्रान्तिको नयाँ आयाम स्थापित गरेको छ।

विरासतको रित्तो भाँडोभित्र पनि शान्तिपूर्ण जनलहरको दैलो खोलिँदो रहेछ। यसो भनिरहँदा डा. बाबुराम भट्टराईले पनि नयाँ शक्ति नामको पार्टी खोले तर सफल हुन सकेनन्। वैकल्पिक शक्तिको गुञ्जाइस बोकेर रवीन्द्र मिश्रद्वारा खोलिएको साझा पार्टीको हिजोको क्रेज आज एक्कासि घट्न पुग्यो। उनी स्वयं राप्रपामा गएर पराजयलाई स्वीकार्न विवश छन्। यी दृष्टान्तका हस्तीहरूमा राजनैतिक अनुभव नभएको होइन, राजनैतिक सिद्धान्तको कित्ता नखुलेको पनि होइन। त्यस्तै, २०६४ मा जनताले नवीन अवसर दिएको माओवादी टुक्रिएर धुजाधुजा भई आज अस्तित्व रक्षाको दोसाँधमा पुग्नुलाई निर्वाचित नवप्रवेशीले बोध गर्नुपर्छ। नागरिकका असन्तुष्टिलाई मौजुदा दलले सम्बोधन गर्न नसकेको फाइदा उठाएर उदाएकाले पनि अब सकारात्मक विचारको ध्रुवीकरण गर्नु उचित देखिन्छ।

परिवर्तन नै राजनीतिको विशेषता हो। गठबन्धनधारी भित्र प्रधानमन्त्रीका आकांक्षीको भीडसँगै गठबन्धनकै पूर्वसर्तको सरकार बन्ला कि कांग्रेस र एमालेको संयुक्त सरकार बन्ला। अर्थात् वाम गठबन्धनको सरकार पो बनाउने कि भन्ने अन्योलमा माओवादी र रास्वपाको भूमिकाले बढी प्रभाव पार्ने देखिन्छ। फलतः सांसद किनबेचको घोडेजात्रा भित्र जनादेशको धज्जी नउड्ला भन्न सकिन्न। विविधतागत विचारको बहुरङ्मा प्रदेशलाई आफ्ना मान्छेलाई काखी च्याप्ने थलो बनाइएको हिजोको दृश्य ताजै छ। व्यक्ति र गुटवादी स्वार्थको लडाइँमा भुलेरै देश निर्माणको महायज्ञमा समर्पित गर्नुपर्ने समय खेर गइरहने भय अझापि छ। यसर्थ नवप्रवेशीहरूमा पुरानाहरूको चालसँग जोगिएर राजनीतिक स्थायित्वसँगै रचनात्मक नतिजा प्रदान गर्नैपर्ने बाध्यता छ।

समाज मनोविज्ञान र राजनैतिक सिद्धान्तका बीचमा व्यावहारिक मनोविज्ञानले उकेरा दिन सक्नुपर्छ। वास्तवमा मार्गविच्छेद गर्दै आत्मदुत्कार गरिरहेमा वा पार्टीहरू विचारहीन हुँदै गएमा आगामी चुनावमा फेरि अर्को

बाँकी अन्तिम पृष्ठमा

## महँगो.....

आत्महत्या गर्ने सोच पनि आउँछ । अक्सर अखबारमा यस्ता समाचार आइरहेकै हुन्छन् । आर्थिक व्यवस्थापनको बोझले मानसिक स्वास्थ्यमा पनि असर पुऱ्याइरहेको हुन्छ । गरिबी र दीर्घरोगको दुश्चक्रले सिंगो परिवारको शारीरिक र मानसिक स्वास्थ्यमा पारेको असरले कालान्तरमा उपचार खर्च बढाउँछ । सामाजिक असमानता बढ्नुका साथै गरिबीका कारण सामाजिक कार्यहरूबाट टाढिँदै जाने र एक्लिने खतरा रहन्छ । साथै परिवारका अन्य सदस्यमा बिरामीको उपयुक्त उपचार गर्न नसकेको हीनताबोध देखिन्छ जसले विभिन्न मनोसामाजिक समस्याहरू थपिदिन्छ ।

दुश्चक्रको पुस्तान्तरण

यस्ता धेरै बिरामीको भइरहेको आम्दानी रोगका कारण गुम्छ, सञ्चित रकम अपुग भएपछि ऋण गरेर उपचार गर्छन्, ऋण र ब्याज तिर्न सम्पत्ति बेच्छन्, जीवनयापनका अनेकौं शीर्षकबाट खर्च कटौती गर्छन्, पोषणयुक्त खानाबाट वञ्चित हुन्छन् । यसले गर्दा भविष्यमा विभिन्न रोग लाग्ने सम्भावना ज्यादा हुन्छ । विद्यार्थीहरूले पढाइ छाडेर सानै उमेदेखि काम गर्न थाल्छन् जसका कारण भविष्यमा उनीहरूले राम्रो काम पाउने सम्भावना रहँदैन, उनीहरू खतराजन्य पेसामा लाग्ने ज्यादा सम्भवना रहन्छ । परिणामस्वरूप उनीहरू गरिबीको दीर्घ चपेटामा पर्ने जोखिम बढ्छ, साथै जीवनशैलीका कारण उनीहरूलाई पनि दीर्घरोग लाग्ने सम्भावना उत्तिकै रहन्छ । गरिबीले रोग निम्त्याउँछ फेरि त्यही रोगले गरिबी बढाउँछ वा गरिबी र दीर्घरोगको दुश्चक्र एउटा दीर्घ समस्या बनेर पुस्तान्तरण हुँदै जान्छ । थुप्रै देशमा गरिएका अध्ययनहरूले दीर्घरोग र गरिबीले एकअर्कोलाई बढाउँदै लैजाने र परिवार दीर्घ गरिबीको चक्रमा फस्ने देखाएका छन् ।

उम्कने उपाय के ?

स्वास्थ्यलाई मानव अधिकारको कोणबाट पनि व्याख्या गरिन्छ । नेपालको संविधानले पनि स्वास्थ्यलाई आधारभूत अधिकारका रूपमा आत्मसात् गरेको छ । तथापि, स्वास्थ्य क्षेत्रमा विनियोजित बजेट, बेथिति, व्यक्ति स्वयंले वहन गर्ने उपचार खर्च र तीव्र रूपमा फैलिरहेका नाफामूलक निजी स्वास्थ्य संस्थाहरूबाट उक्त अधिकारको स्थापना हुँदैन । पर्याप्त सरकारी स्वास्थ्य संरचनाहरूको स्थापना र सबलीकरणबिना अंगीकार गरिएको आर्थिक उदारीकरण र निजीकरणपश्चात् तीव्र रूपमा फैलिएका निजी अस्पताल र औषधि कारखानाहरूका कारण सरकारी सेवा संकुचित भए । उपचार खर्चमा व्यापक वृद्धि भयो । उचित परामर्श अभावमा मानिसहरूले घरनजिकको फार्मेसीको नाफा मात्रै बढाइरहेका छन् । रोगको पहिचानबिनै औषधि बेची यस्ता फार्मेसीले मानिसहरूको स्वास्थ्य बिगार्नुका साथै उनीहरूको गरिबी पनि बढाइरहेका छन् । उता, दुर्गम ठाउँबाट मानिसहरू उपचारकै लागि काठमाडौं वा ठूला सहरी केन्द्र धाउन बाध्य छन् । ढिलो गरी गरिएको बिमाको व्यवस्था पनि निजी कम्पनीहरूलाई पोस्ने किसिमको छ । हात-मुख जोर्नै समस्या भएका नेपालीहरूले निजी अस्पतालमा उपचार गर्न सक्ने कुरै भएन । थोरै आर्थिक हैसियत भएका पनि सरकारी अस्पतालको दयनीय हालत देखेर निजी अस्पतालतिर जान बाध्य छन् । सन् २००२ को ट्रान्सपरेसी इन्टरनेसनलको एक रिपोर्ट अनुसार नेपालका सरकारी अस्पतालमा भर्ना भएर उपचार गराउन घूससम्म खुवाउनुपर्ने अवस्था छ । राज्यकै स्वास्थ्य नीतिले जनताहरूलाई गरिबीको दुश्चक्रतर्फ धकेलिरहेको भान हुन्छ । दीर्घरोग र गरिबीको यो भयानक दुश्चक्रबाट मानिसहरूलाई बचाउन सम्भव छ । त्यसका लागि नागरिक उत्तरदायित्व बोध गर्ने कल्याणकारी राज्यको स्थापना जरुरी छ । क्युबा, श्रीलंका, रुवान्डाजस्ता देशहरू धेरै हदसम्म यो चक्रलाई तोड्न सफल भएका देखिन्छन् । केही दशकअघिसम्म भयावह स्वास्थ्य स्थिति भएको चीनले लाखौं मानिसलाई यो दुश्चक्रबाट मुक्त गरेको तथ्य पनि हाम्रा लागि शिक्षाप्रद हुन सक्छ । पुँजीवादी भनेर चिनिएका पश्चिम युरोपेली देशहरूले कसरी स्वास्थ्यलाई राज्यको दायित्वका रूपमा आत्मसात् गर्छन् भनेर हेर्ने हो भने हाम्रो समाजवाद-उन्मुख देशलाई केही शिक्षा मिल्नेछ । समृद्धिको नारा लगाइरहेको देशले आफ्ना नागरिकहरूलाई रोग र गरिबीको दोहोरो मारबाट मुक्त गर्नु अनिवार्य छ किनकि वर्ल्ड इकोनोमिक फोरमले भने अनुसार दीर्घरोगी जनता कुनै पनि देशको समृद्धिको सबैभन्दा ठूलो बाधक हुन् । अक्सफोर्ड युनिभर्सिटी प्रेसको इन्टरनेसनल हेल्थ जर्नलमा प्रकाशित हान्स बोस्मा र इंगे हुक्सको शोधमा आधारित ।साभार : कान्तिपुर

## विपरीत.....

केही निर्वाचनसम्म उनीहरूकै वर्चस्व स्थापित हुने देखिन्छ । तर वामपन्थका नाममा चुनावदेखि चुनावसम्मको यात्रामा रमाइरहनु अनि नीति, कार्यक्रम, सिद्धान्त र प्रगतिशील संस्कृतिलाई तिलाञ्जली दिएर शक्ति र सत्ताको मात्र सपना देख्नु नेपालको वामपन्थी आन्दोलनको पछिल्लो घातक प्रवृत्ति हो । यस प्रवृत्तिलाई रोक्न सक्ने क्षमता नेपालका खास गरी युवा पुस्ताका वामपन्थी नेता-कार्यकर्तामा देखिएन भने वामपन्थीका नाममा वामपन्थलाई नै पथभ्रष्ट पार्ने प्रवृत्ति अझै मौलाउनेछ र नेपालको वामपन्थी आन्दोलन भारतीय वामपन्थीहरूकै पथमा पुग्ने सहज अनुमान गर्न सकिन्छ । चुनाव जसरी पनि जित्नुपर्ने, जित्नका लागि जसलाई टिकट दिए पनि हुने र अन्तर्पार्टी लोकतन्त्रको हत्या गरेर पार्टीलाई प्राइभेट लिमिटेडजस्तो बनाउने प्रवृत्तिविरुद्ध निर्ममतापूर्वक हस्तक्षेप गर्ने क्षमताको विकास नहुने हो भने विपरीत दिशाको यात्रामा प्रवेश गरेका नेपालका वामपन्थीहरूको यात्रा दुर्घटनामा परेर समाप्त हुन धेरै वर्ष लाग्नेछैन । समग्र वामपन्थी आन्दोलन बचाउनेभन्दा एकअर्कालाई समाप्त पारेर आत्मरतिमा रमाउने प्रवृत्तिलाई दमन गर्न सक्ने वामपन्थी नेता-कार्यकर्ताको पुनरुदय भयो भने यो आन्दोलन बाँच्न र बचाउने सकिने मलिलो भूमि नेपालमा अझै पर्याप्त छ ।

कसरी बाँच्छ आन्दोलन ?

कसैलाई मन परोस् वा नपरोस्, संसदीय राजनीतिको पछिल्लो जनादेशले देखाएको सत्य के हो भने, नेपाली जनताको पार्टीगत रोजाइमा अहिले पनि एमाले नै छ । एमालेका नाममा आएको मत नेपाली समाजको द्रुत गतिमा आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणको पक्षधरताकै मत हो । त्यो भनेको वामपन्थी मत नै हो । संगठन, सिद्धान्त र शक्तिको हिसाबले ठूलो वामपन्थी दल एमाले नै हो भन्ने स्थापित तथ्यलाई अन्य वामपन्थी दलले स्विकार्ने हिम्मत गर्न सक्नुपर्छ । तथ्यद्वारा पुष्टि भएको सत्य मात्र स्विकार्ने विचारधाराको पक्षधरता आफू मात्र भएको नारा फलाक्ने कम्युनिस्ट वा वामपन्थीहरूले यो तथ्यलाई अस्वीकार गर्न सक्दैनन् । यसको अर्थ के हो भने, एमालेलाई सिध्याएर नेपालको कम्युनिस्ट वा वामपन्थी आन्दोलन अघि बढ्न सक्दैन । एमालेले अघि सारेको संसदीय राजनीतिबाटै वामपन्थी एजेन्डा लागू गर्न सकिने मतमा अहिले नेपालका अन्य सबै वामपन्थी दलहरू पुगिसकेकाले समेत संगठनका हिसाबले मात्र होइन, विचारधाराका रूपमा पनि संसदीय राजनीति गर्ने हो भने नेपालका वामपन्थीहरूका लागि एमाले पथबाहेक अर्को पथ सम्भवै छैन ।

यसर्थ नाम जेसुकै दिए पनि कार्यनीतिको हिसाबले एमाले पथ नै संसदीय राजनीति गर्ने नेपालका वामपन्थीहरूको साझा पथ हो । यही साझा पथमा मात्र नेपालको संसदीय वामपन्थी आन्दोलन बाँच्न सक्ने देखिन्छ ।

मुलुक अब अरू पाँच वर्षपछिको निर्वाचन यात्रामा प्रवेश गरिसक्यो । एक छिन कल्पना गरौं अबका पाँच वर्षपछिको संसदीय निर्वाचनको, जसमा फेरि कांग्रेसले एमालेबाहेकका अन्य वामपन्थी दललाई यसरी नै सहयोग सायदै गर्ला ।

किनकि यही निर्वाचन परिणामको विश्लेषणबाट पनि माओवादी वा एकीकृत समाजवादीको मतले जित्ने कांग्रेस सांसदको संख्या ज्यादै कम छ जबकि कांग्रेसको मतबिना ती दुइटै वामपन्थी दलहरूको स्थिति निकै दयनीय हुने मत परिणामबाट देखिइसकेको छ । यस्तो परिवेशमा अर्को निर्वाचनमा कांग्रेसको मतबिना माओवादी वा एकीकृत समाजवादीको संसदीय यात्रा जोखिमपूर्ण देखिन्छ ।

अझ भनौं, अर्को निर्वाचनमा उनीहरूको अस्तित्वरक्षाको सवाल टड्कारो हुनेछ । यसो भन्दैमा एमालेजनले उनीहरू सकिने भए भनेर जिब्रो फट्कार्नु जरुरी छैन किनकि अब उसलाई अन्य वामपन्थी शक्तिको भन्दा विकल्पको नारा दिएर आएको तर राजनीतिक दिशाको पहिचान नखुलेको नयाँ शक्तिको थ्रेट प्रधान हुनेछ ।

काठमाडौं उपत्यका र चितवनमा एमालेलाई परास्त गर्ने राजनीतिक पहिचान नखुलेको त्यही नयाँ शक्ति नै हो ।

एमालेले आफूलाई सुधार्न सकेन भने पहिचान नखुलेको त्यस शक्तिको भेलले उसलाई पनि अर्को निर्वाचनमा योभन्दा ठूलो धक्का दिन सक्छ । त्यस धक्कालाई परास्त गर्ने क्षमताको विकास आफूमा गर्न सक्छ कि सक्दैन, त्यसैमा एमालेको भविष्य निर्धारण हुनेछ ।

यस पटक विकल्पको नारा दिएर अघि आएको र राजनीतिक पहिचान नखुलेको नयाँ शक्तितर्फ वामपन्थी मत बढी प्रभावित भएको देखिन्छ । त्यो किनभने, अघिल्लो निर्वाचनमा प्राप्त भारी जनमतलाई एमाले र माओवादीले थेग्न नसक्नाले निम्तिएको विभाजनले वामपन्थी मतदातामा एक प्रकारको उदासीनता, नैराश्य र आक्रोश बढेको थियो; त्यस्ता मतदाताहरू त्यो नकारात्मक मत कांग्रेसलाई दिन सक्दैनथे, तसर्थ नयाँ शक्तितर्फ सोझियो ।

नकारात्मक मतका आधारमा उदय भएको शक्तिको जीवनयात्रा त्यति लामो हुँदैन तर त्यो शक्तिको जीवनयात्रा कत्रो हुन्छ भन्ने कुराको निर्धारण मूलतः वामपन्थी दलको कार्य सम्पादनमै निर्भर हुन्छ । वामपन्थी दलहरूले परिवर्तनको एजेन्डालाई आत्मसात् गर्न सकेनन् वा युवा पुस्तामा राजनीतिको आकर्षण बढाएनन् वा सुशासनमा कमजोर देखिए भने परिवर्तनको तीव्र आकांक्षी जनमत विकल्प खोज्न थाल्छ, त्यो विकल्प कांग्रेसबाट सम्भव छैन भन्ने बुझ्छ र आक्रोशको अभिव्यक्ति फेरि पनि अहिलेकै नयाँ शक्ति वा अर्को आवरणको कुनै शक्तिको पक्षमा जानेछ । तसर्थ अन्य वामपन्थी दल कमजोर हुँदा आफू बलियो हुने आत्मरतिमा एमाले बस्नु हुँदैन ।

एमालेले अन्तर्पार्टी लोकतन्त्रलाई पुरानै अभ्यासमा फर्काउने, परिवर्तनका एजेन्डालाई आत्मसात् गर्ने, पार्टी जीवन पारदर्शी बनाउने, आलोचना सहने क्षमता बढाउने, राजनीतिलाई युवा पुस्तामा लैजाने र नेतृत्व चयनमा नाम वाचनको होइन पुरानै प्रतिस्पर्धाको पद्धतिलाई पुनर्जीवित गर्ने हो भने नयाँ शक्तितर्फ गएको आक्रोशको मतलाई आफूतिर आकर्षित गर्न गाह्रो छैन । त्यस्तो मत तान्ने क्षमता अझै पनि एमालेमा छ ।

एमालेलाई सिध्याएर नेपालको वामपन्थी आन्दोलन उठाउने र नयाँ उचाइमा पुऱ्याउने अर्को कुनै पार्टी, शक्ति संगठन र विचारधारा देखिँदैन । तर मूल प्रश्न हो- नेपालको वामपन्थी आन्दोलनको नेता बन्ने सामर्थ्य एमालेले राख्न सक्छ कि सक्दैन ?

एमालेको जीवनकालमा पछिल्लो पटक देखिएको कार्यशैली वा नेतृत्वले विकास गर्न खोजेको अपसंस्कृति हेर्दा ऊ आफ्नै कारणले पथ विचलित हुने सम्भावना अधिक देखिन्छ । त्यो पथ विचलनलाई रोक्न मूलतः नेतृत्वको कार्यशैलीमा परिवर्तन र युवा पुस्तामा राजनीतिको आकर्षण बढाउन उसले निकै मिहिनेत गर्नुपर्ने देखिन्छ ।

यत्रो घेराबन्दीका बीच पनि उसले जस्तो सफलता हासिल गरेको छ, त्यो असाधारण नै देखिन्छ । तर आफूलाई विचारधारात्मक, संगठनात्मक र कार्यशैलीगत रूपमा नसुधार्ने हो भने अर्को निर्वाचनमा एमालेले बोकेको वाम जनमत अर्को कुनै उदीयमान दक्षिणपन्थी शक्तिमा जान वा अहिले उदाएकै नयाँ शक्तिमा थपिन सक्छ ।

तसर्थ नेपालमा वामपन्थी आन्दोलन र वामपन्थलाई बचाउने हो भने एमाले र गैरएमाले वामपन्थीहरूका बीच न्यूनतम साझा कार्यक्रम र दृष्टिकोणसहितको सहकार्यको आवश्यकता छ ।

त्यो सहकार्य सरकार बनाउन वा अमुक नेतालाई प्रधानमन्त्री बनाउनका लागि मात्र केन्द्रित गरियो भने अर्को दुर्घटनाको सिकार हुनेछ । अनि अर्को सत्य के हो भने, वामपन्थी दलको पहिलो पुस्ताका नेताहरूले अब परिवर्तनका प्रगतिशील एजेन्डा बोक्न र वामपन्थको झन्डालाई अझै उचाइमा पुऱ्याउन सक्दैनन् ।

तिनलाई विस्थापित गर्ने क्षमता, योग्यता र कार्यक्रम दिन सक्ने युवा पुस्ताको उदयले मात्र नेपालमा वाम आन्दोलनले गति लिन सक्छ । दक्षिणपन्थको विकल्पको शक्ति नेपालमा फेरि पनि वामपन्थ नै हो ।

त्यो वामपन्थको ठूलो हिस्सा ओगटेको एमालेले अरू वामपन्थीलाई आफ्नो कार्यनीतिमा हिँडाउन सक्नुपर्छ । पछिल्लो जनमतको कदर गर्दै नीति र कार्यक्रमका आधारमा वामपन्थी मोर्चा बन्न वा सहकार्य हुन सके मात्र नेपालमा वामपन्थ बच्न सक्छ ।

त्यसैले माओवादी र एकीकृत समाजवादीले एमालेलाई कमजोर बनाउने रणनीति अवलम्बन गरे पनि वा एमालेले अन्य वामपन्थीलाई समाप्त पार्ने सपना देखे पनि 'खरबुजालाई चक्कुले हाने पनि वा खरबुजाले चक्कुलाई हाने पनि काटिने खरबुजा नै हो' भन्ने तथ्य सबै वामपन्थीले बुझ्नु जरुरी छ ।

दक्षिणपन्थी शक्तिको फेरो समातेर नेपालमा वामपन्थी आन्दोलन बलियो हुँदैन । यस पटक फेरो समातेर अस्तित्वरक्षा गर्न सफल वामपन्थी शक्ति अर्को निर्वाचनसम्ममा समाप्तिको दिशामा जाने निश्चित छ ।

त्यसैले उल्टो यात्रामा सवार नेपालका अन्योलग्रस्त वामपन्थीहरूले यात्रालाई बदल्नैपर्छ । होइन भने, उनीहरूको सत्यानाशलाई कसैले रोक्न सक्दैन ।सभार इकान्तिपुर

## गुरुकुल.........

एक्कासी अर्धवार्षिक परीक्षामा सामेल गराउने र सोही परीक्षाको निहुँमा मनपरी शुल्क असुल्ने माध्यम बनाएको देखिन्छ ।

बोर्डिङ स्कुलमा राजनीतिक दलका नेता, जनप्रतिनिधि तथा ब्यापारी र नागरिक अगुवाको समेत ठूलो लगानी रहेको छ।

पहुँचवाला ब्यक्तिकै लगानीमा सञ्चालित बोर्डिङ स्कुलले सरकारी नीति/नियम र अभिभावकको भावनालाई लत्याउँदै मनपरी गरिरहेका छन् ।

अर्ध वार्षिक परीक्षाका नाममा शुल्क लिनु विद्यालयको धन्दा मात्रै हो । विद्यालयले अर्ध वार्षिक परीक्षाको नाममा व्यापार गरिरहेका छन् । भने एक अभिभावकले बताए।

## पालिका...

नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकीले १२ महिना देखि २३महिना सम्म मुन्नीका बच्चाहरुलाई पूर्ण खोप पुरा भएको हुनाले पालिका स्तरीय पूर्ण खोप तथा दिगोपना गोष्ठी समीक्षा कार्यक्रम सम्पन्न भएको बताईएको छ।कार्यक्रममा बहुदरमाई नगरपालिका का उप-प्रमुख सुस्मा कुश्वाहां,नि.प्रशासकिय प्रमुख बिदुर प्र.उप्रेती स्वास्थ्य चौकी बैरियबिर्ताका स्वास्थ्य प्रमुख हरेराम साह, स्वास्थ्य चौकी नगरदाहाका स्वास्थ्य प्रमुख प्रियांका यादव, बिरेन्द्र यादव,प्रमोद पटेल,लगायतको उपस्थिति रहेको थियो।

## वीरगञ्जको........

**काम गरेको उनले बताए ।**

**नेपालमै पहिलो पटक वीरगञ्ज महानगरले गऱ्यो निजी विद्यालयको स्तर वर्गिकरण, कुन विद्यालय कुन वर्गमा हेर्नुहोस्**

**वर्गिकरणका लागि ७० वटा सूचक र २ सय भन्दा बढी मूल्यांकनका आधार तयार गरेर विद्यालयहरुको वर्गिकरण गरिएको पनि उनले बताए ।**

**उनले भने, तत्कालनि शिक्षा विभाग र शिक्षा विकास केन्द्रको आधिकारीक मूल्यांकन फारम अनुसार नै हामीले वर्गिकरण गरेका हौ, त्यसमा वर्गिकरणका सूचक र आधारहरु प्रष्ट उल्लेख गरेको छ ।**

**आफूहरुले कुनै विद्यालयको शुल्क बढाउने र कुनैको घटाउने कार्य नगरेको भन्दै वर्गिकरणमा परेका सबै विद्यालयको तोकिएको सुत्रको आधारमा शुल्क निर्धारण भएको पनि उनले बताए ।**

**केही विद्यालयमा वर्गिकरण पछि अहिले निर्धारण भएको शुल्क गत वर्षको भन्दा पनि न्यून आएको र कुनैको भने केही बढ्न गएको देखिएको पनि उनले बताए ।**

**महानगरले सार्वजनिक गरेको वर्गिकरण अनुसारको शुल्क भन्दा बढी लिए त्यस्तो बदमासि गर्ने विद्यालयलाई कारबाही गर्ने पनि महानगरले चेतावनी दिएको छ ।**

**महानगरको निर्देशन विपरित शुल्क असुल गर्नेलाई २५ हजारदेखि १ लाख रुपैयाँसम्म जरिवाना, स्तर घटुवाका साथै विद्यालय खारेजसम्मको कारबाही हुने व्यवस्था ऐनमा उल्लेख छ ।**

**पत्रकार सम्मेलनमा महानगरका उपप्रमुख इम्तियाज आलम, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेल, वडा नम्वर ४ का वडाध्यक्ष जगत साह कानु, ५ का प्रदीप चौरसिया, समितिका सदस्य डा.दीपेन्द्र चौधरी लगायतको उपस्थिति रहेको थियो ।**

## रोटरी क्लब...

डा.शाश्वत बताउँछन् । कृत्रिम खुट्टा जडानमा सफलता प्राप्त गरेको उनैको टिमले अब भने कृत्रिम हात जडानको सुरुवात गरेको हो । हात नभएकाहरुलाई आफूहरुले इलेक्ट्रोनिक अपरेटेड हात जडान गर्न लागेको उनले जानकारी दिए । महानगरका मेयर सिंहले रोटरीले गरेको कामको कुनै तुलना हुन नसक्ने भन्दै मानवीय जीवन सहज बनाउन निर्वाह गरेको भूमिका अतुलनीय रहेको भन्दै प्रशंसा गर्न लायक रहेको बताए । हात खुट्टा गुमाएर जीवनदेखि नैराश्य बन्न पुगेकाहरुमा आशाको दीप जलाउने काम रोटरीले गरिरहेको भन्दै उनले हातेमालो गरेर अघि बढ्न महानगर सँधै तयार रहेको बताए ।

कार्यक्रममा भारतीय महावाणीज्य दूतावास वीरगञ्जका महावाणीज्य दूत नितेस कुमारले रोटरीले गरिरहेको काममा भारत सरकार पनि सहयोग गर्न तत्पर रहेको बताए । उनले नेपाल भारत दुबै देशका नागरिकको सेवामा खटिएकाले यसलाई अझै प्रभावकारी बनाउनेतर्फ आफूहरु सहयोग गर्न तयार रहेको बताए ।

१८ महिनाअघि कृत्रिम खुट्टा हाल्न सुरु गरेको रोटरीले यो अवधीमा २४० जना पुरुष र ६० जना महिलामा कृत्रिम खुट्टा हालेर उनीहरुलाई सहज जीवन यापन गर्न सहयोग पुर्याएको छ ।

क्लबले पर्सा, बारा, धनुषा, उदयपुर, मोरङ, धनकुटा लगायत २५ वटा जिल्लाका खुट्टा गुमाएकाहरुलाई कृत्रिम खुट्टा हालिएको छ । यस्तै भारतका विभिन्न स्थानबाट आएका १ सय जनालाई पनि यो सेवा उपलब्ध गराइएको रोटरी क्लब अफ वीरगञ्जका अध्यक्ष पियुष गुप्ताले बताए ।

एउटा कृत्रिम खुट्टा हाल्न १५ हजार र हातको १२ हजार ५ सय खर्च लाग्ने भए पनि अहिले रोटरीले निःशूल्क यो सेवा प्रदान गरिरहेको अध्यक्ष गुप्ता बताउँछन् । केही दाताहरु र केही क्लबकै साथिहरुको सहयोगमा यो सेवा सञ्चालन गरिरहेको भन्दै उनले यसलाई प्रभावकारी बनाउन सबैको सहयोगको खाँचो रहेको पनि बताए ।

कृत्रिम खुट्टा हाल्ने क्रममा आफूहरुले नेपालमा बढी जसो सडक दुर्घटनामा परेर हात खुट्टा गुमाउने गरेको भेटिएको पनि उनले बताए ।

सडक सवारी बढी जोखिम देखिएको भन्दै उनले स्तरीय सडक र ट्राफिक व्यवस्थापन चुस्त हुन नसक्दा हुने गरेको दुर्घटनाले दैनिक हात खुट्टा गुमाउनेहरु बढीरहेको उनी बताउँछन् । क्यान्सर र मधुमेहका कारण पनि खुट्टा हात गुमाएकाहरु आफूहरुले भेटेको भन्दै उनले सवारी दुर्घटना भने प्रमुख कारण रहेको बताए ।

## जानकीटोला .....

प्रदान गरिएको छ । कार्यक्रममा बृजेश्वरप्रसाद चौघरी, कन्हैया पटेल, शुभांशु वर्णवाल, जयप्रकाशमहतो केवट, सुधीरमहतो केवट, राजन यादवलगायतको सहभागिता थियो ।

## हिंसा पीडितका......

र प्रदेश सरकारसँग पनि रकम माग गर्न सकिने उनले बताए ।बैठकले सुरक्षित आवास गृह स्थापनाका लागि पहल गर्न १५ सदस्यीय समिति समेत गठन गरेको समुन्नती परियोजनाको कार्यक्रम संयोजक कोपिला चौलागाईले जानकारी दिइन् ।दिव्य युवा क्लबका अध्यक्ष उमेश चौहानले पर्सामा सुरक्षित आवास गृह स्थापनाका लागि आवश्यक पहल गर्न दिव्य बचत तथा ऋण सहकारी संस्थाबाट ५० हजार रुपैयाँ उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन् ।

# हिंसा पीडितका लागि सुरक्षित आवास गृह स्थापना गरिने



वीरगञ्ज। पर्सामा हिंसामा परेका महिला तथा बालबालिकाका लागि सुरक्षित आवस गृह (सेफ हाउस) स्थापना गरिने भएको छ ।

वीरगञ्ज महानगरपालिकामा सुरक्षित आवास गृह स्थापना गर्न सरोकारवालाहरू एकजुट भएका हुन् ।

वीरगञ्जमा पालिका उपप्रमुख तथा अन्य सरोकारवालाबीच सुरक्षित आवास गृह स्थापनाका बारेमा छलफल भएको थियो ।

छलफलमा सहभागी महिला अधिकारकर्मीहरुले पर्सामा हिंसा प्रभावित महिला तथा बालबालिकाका लागि सुरक्षित आवास गृह नहुँदा समस्या भइरहेको बताएका थिए ।

घरका सदस्य, श्रीमानबाटै पीडित भएका महिला न्यायका लागि आउँदा सुरक्षित आवासको अभाव रहेको उनीहरुको भनाइ छ ।हिंसा पीडित एवं महिला तथा बालबालिका न्यायका लागि आउँदा एकद्वार संकट व्यवस्थापन केन्द्र तथा जिल्ला प्रहरी कार्यालय पर्सामा रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रले माइती नेपाल वीरगञ्ज, आफन्त नेपाललगायत संघ संस्थाले सञ्चालन गरेको अस्थायी आवास गृहमा पठाइने गरिएको छ ।

महिला अधिकार मञ्चको केन्द्रीय सदस्य सुमित्रा पन्तले पर्सामा सेफ हाउसको कुरा चलेको लामो समय भएपनि स्थापना हुन नसकेको बताइन् ।

'हिंसामा परेर घरमा बस्न नसक्ने अवस्थामा पुगेका महिला तथा बालबालिकालाई कहाँ लैजान भन्ने समस्या छ,' उनले भनिन् 'सेफ हाउस स्थापना गर्ने मात्रै हैन, दिगो रुपमा व्यवस्थापन गर्नेगरि काम अघि बढ्नुपर्छ ।'नारायणी अस्पतालस्थित लैंगिक हिंसासम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र -ओसीएमसी) को फोकल पर्सन नर्स हेमा थापाले केन्द्रमा आएका हिंसा पीडित महिलालाई राख्नका लागि सेफ हाउस आवश्यक देखिएको बताइन् ।'घरमै हिंसामा परेका हुन्छन्, श्रीमानबाटै प्रताडित हुन्छन्, बल्ल बल्ल हिम्मत जुटाएर न्यायका लागि आउँछन्,' उनले भनिन्, 'अस्थायी आवास गृहमा केही समय मात्रै राख्न मिलिरहेको छ । पछि त्यही घरमा फर्काउनु परिरहेको छ ।

केही दिन सेफ हाउसमा राख्न पाइन्थ्यो भने उनीहरु डिप्रेसनबाट बाहिर पनि आउँथे ।'लैंगिक हिंसाविरुद्ध १६ दिने अर्न्तराष्ट्रिय अभियानअर्न्तगत दिव्य युवा क्लबले छलफल कार्यक्रम आयोजना गरेको थियो ।

महिला अधिकार कार्यक्रम समुन्नती परियोजना मार्फत आयोजित कार्यक्रममा बोल्ने वक्ताहरुले सामूहिक प्रयासबाट सुरक्षित आवासगृह बनाउनुपर्नेमा जोड दिएका छन् ।

वीरगञ्ज महानगरपालिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख रञ्जना पण्डितले जनप्रतिनिधिले नाला र सडकलाई मात्रै प्राथमिकतामा राखेका कारण सेफ हाउस जस्ता विषय प्राथमिकतामा नपरेको बताइन् ।पटेर्वासुगौली गाउँपालिकाको उपाध्यक्ष ममता महतोले सुरक्षित आवास गृह वीरगञ्जमा स्थापना हुँदा सहज हुने भएकोले नीतिगत निर्णय महानगरले गरेपछि कामअघि बढ्ने बताइन् । 'सुरक्षित आवास गृह स्थापनाको कुरा पहिला पनि उठेको हो, हामी लागि परेका छौं । तर जग्गाको व्यवस्था गर्ने लगायत नीतिगत निर्णय महानगरले गर्नुपर्छ,' उनले भनिन्, 'त्यसपछि डिपिआर बनाउने, भवन निर्माण, सञ्चालनलगायत कामका लागि अन्य पालिका, प्रदेश र संघ सरकारसँग अनुरोध गर्न सकिन्छ ।

वीरगञ्ज महानगरपालिकाका उपमेयर इम्तियाज आलमले सुरक्षित आवास गृह स्थापनाका लागि महानगरले जग्गाको खोजी गरिरहेको जानकारी दिए ।

'सुरक्षित आवास गृह महानगरको चासोको विषय हो, जग्गा खोज्दैछौं । केही दिनमा सकारात्मक नतिजा आउँछ,' उनले भने, 'महिला हिंसा पीडितको व्यवस्थापनमा भन्दा बढी न्यूनीकरणका लागि कदम चाल्नु आवश्यक छ ।

'जग्गा भएपछि विस्तृत परियोजना प्रतिवेदन तयार गरेर संघ

***बाँकी तेश्रो पृष्ठमा***

## सत्ता....

दूषित गठबन्धनको जालो बुनिनेछ। जनता चाहिँ स्वार्थको जाँतोमा पिसिइरहनेछौं। वामपन्थी धारको भग्न चेतलाई जनताले यो चुनावमा अझ बढी सजाय दिएको देखिन्छ। केवल पाँच वर्षको अन्तरालमा वाम गठबन्धनले अनेकन रूप बदल्यो। ५० वर्षसम्म एकछत्र अघि बढ्ने वाचा गरिरहेकाहरू नै कांग्रेससँग टाँस्सिए।

यतिखेर त्रयोमुखी वामनायकहरूले प्राप्त नतिजामा असन्तुष्टिको रोष पोखिरहनु जनअभिमत माथिको दमनकारी मानसिकता होइन र ! अत: परीक्षित पुराना दलाधीशहरूको दम्भ, कुण्ठा र हिलो छ्यापाछ्यापको लाभांशमा उदाएका परीक्षण गर्न बाँकी नवप्रवेशीद्वारा अभिव्यक्त विनिर्माणबाट बज्ने विवेकको वंशीसँग समृद्धिको अभिलाषा उनिएको छ।

आवेश कि विवेक बोक्ने !

वास्तवमा दूरगामी चिन्तनको दूरदर्शी र पारदर्शी गुणस्तरसहितको विकास बोक्नेले नै आगामी चुनावी मार्गलाई फराकिलो बनाउनेछ। सिद्धान्तकै लहडी आवेशले मात्रै पनि होइन, धैर्य र विवेकले काम सुल्झाउँदा सिद्धान्त आफैं स्थापित हुन सक्छ।

अनुसन्धानपरक, पूर्वसमीक्षात्मक योजनामा कार्यान्वयनका आधार प्रस्टिनु आवश्यक छ। योजनासँगै समयसीमा र नीतिमा बाँधिनु जरुरी छ। अझ बढी त बहुआयामिक विकासका बाटामा धैर्य चाहिन्छ। यसर्थ विजय जुलुसको उन्मादले विकासको भव्यतालाई प्रदर्शन गर्न सक्दैन।

सरकारको नेतृत्व गर्नेहरूले बदलिँदो जनमतको कदर गर्ने कुरा पदभार ग्रहण गर्नु जस्तो सहज पनि हुँदैन। तथापि, राजनीतिलाई सेवा ठान्ने कि पेसा ? वस्तुत: नागरिकले महसुस गर्ने विकास र समृद्धिको पारदर्शी योजना र त्यसको कार्यान्वयन नै अबको क्रियाशील राजनीतिकर्मीको दायित्व हो। जनताको आवाज र कार्यकर्ताको आवाजमा किन भिन्नता भइरहन्छ ? सरकारी निकायबाट काम लिनका लागि किन आफ्नो मान्छेको खोजी गरिरहनुपर्छ ? अनि, प्रश्न उठ्छ कतै यो व्यवस्था नै धूर्तहरूको मुर्ख्याइँ साट्ने लुकामारी खेल त होइन ! यसर्थ यहाँ पुँजीवाद र समाजवादको रटानभित्र स्वार्थ साँध्ने दन्तबझानका विकल्पमा युवा मतको क्रमभंगताले अपेक्षाको छुट्टै महल खडा गरिदियो।

केही जत्था चाहिँ आफूले जितेकोमा भन्दा अर्को उही समूह हारेकोमा खुसी मनाइरहेको देखिन्छ। पुराना अनुहारकै हिलो छ्यापाछ्यापको सिको गरेर नयाँमा पनि संकीर्ण राजनीतिक संस्कारको खिचडी पाकिरहेकै छ। यसर्थ विचारको राजनीति सधैं फलदायी हुन्छ भन्ने पनि होइन। अब त विकासको राजनीतिभित्र जोडिने रोजगार र स्वदेशप्रेममा जनताले पुरानाको शैलीका विरुद्ध जन्मिएको उद्वेलनमा भिज्न जान्नुपर्छ। ठूला भनिएका दलको साम्यवादको चमक धमिलिनुमा जनता र नेताबीचको सोचगत दूरी बढ्नु पनि हो। यही चुनावबाट काठमाडौं, चितवन, पोखरा, धरान, विराटनगरजस्ता देशका केही बसाइँसराइँ भएका स्थानमा जनता केवल दुई छाक मासु भात र केही हजारमा बिक्दैनन् भन्ने सन्देश प्रवाह हुन पुग्यो।

आसेपासेलाई फकाउने र स्वार्थ साँध्ने शकुनि चाललाई जनताले मूल्यांकन गरेको पनि देख्न पाइयो। विशेषत: बसाइँसराइँ गरेर बसेको बस्तीका बासिन्दामा सचेतना बढेको देखियो। यसर्थ दलगत दबदबामा भ्याङ्गिएको परिवारवाद, खेमावाद र सनकका भरमा चल्ने हुकुमीतन्त्रको विरासतमा धमिरा लाग्न थालेको कुरालाई चाहिँ सम्मान गर्नैपर्छ। तथापि फरक कर्मक्षेत्र, फरक सोच र फरक उमेरसमूहका अपरिचित पृष्ठभूमिका आफ्नै निर्वाचित जनप्रतिनिधिलाई आवेशले होइन, विवेकले काम गर्ने परिवेश तयार पार्न रास्वपाका सभापति रवि लामिछानेलाई आफ्नै चुनौती देखिन्छ।

यहाँ 'देश र जनता' होइन बरु 'नेता र तिनको स्वार्थ' नै 'देश' भयो। नेतासँग जनताले माग गर्ने सुविधा र अवसरवादको माथापच्चीमा व्यक्तिपूजा हाबी बन्यो। चाकडी, चाप्लुसी बढ्यो। यसर्थ अहिलेका नेतामा नेताको आदर्श भाव नै घायल छ। ग्रामीण परिवेशमा चेतना बढे पनि राष्ट्रिय स्वार्थगत समर्पण अझै बढेको छैन।

कसैको उछितो काढ्न र गिराएर भन्नुलाई नै अब्बल सम्झने खोक्रो अभिमानमा देशप्रेम किमार्थ देखिन्न। देशमा क्रमभंग भएको नवीन राजनैतिक रङले केवल त्याग र आदर्शको पाठ मात्रै सिकाए पनि ठूलो कुरा हुनेछ। वास्तवमा पश्चिमा लघुताभासमा रचनात्मक सुवास छर्ने हो भने पूर्वीय माटोको मर्मबोध चाहिन्छ। अनुभवले दिने निखार र संवेगले दिने जाँगरका बीचमा तालमेल हुने सम्भाव्यतामा अबको राजनैतिक परिणामलाई अनुमान मात्रै गर्न सकिन्छ।

बिट मार्दै गर्दा ...!

चुनावमा हारजित हुनु स्वाभाविक हो। हार्ने जति खराब र जित्नेहरू असल पात्र हुन् भनिरहन पनि सकिन्न। यथार्थमा स्वनिर्भरता र सामाजिक न्यायको मियो बलियो नभई माटोको सुगन्ध आउँदैन। पाश्चात्य इतिहासलाई नियाल्दा समाजवाद र साम्यवादको खोल ओढेर एकाधिकारमुखी पुँजीवादी नवसामन्तीहरूको भीडमा जन्मेको अमेरिका, युरोप र जापानतिरको सामूहिक साम्राज्यले विकासशील देशको अर्थतन्त्रमा नवउदारवादको मन्द विष छरिदिए। विश्वको प्राकृतिक स्रोत र हातहतियारमा होडबाजी मच्चाए। अर्थतन्त्रलाई आफ्नो अधीनमा पार्ने र प्रविधिमा एकाधिकार जमाउन चाहे। फलत: नवउदारवादको मखुण्डो ओढेर अमूर्त पुँजीवाद हाबी बन्दै गयो। हाम्रा जस्ता देशले अर्काले दिएकोमा गर्व गर्न सिक्यौं। हामी युवाको श्रम बेचेर पैसा लिन्छौं। उनीहरू पैसाले श्रम किनेर थप पैसा बटुल्छन्। हामी उनीहरूको मुलुकमा गएर श्रम बेच्छौं। उनीहरूले श्रम किनेर हामीले कमाएको पैसा पनि उतै राखिदिन्छन्। अझ उनीहरूको देशमा जानुअघि हामी लाखौंका बिटा बुझाएर जान्छौं र लाखौं तिरेर मात्रै फर्किन पाउँछौं।

हामीले बौद्धिकता पलायनमा गौरव गर्ने मूर्खतालाई बदल्न सक्नुपर्छ। मुलुकमा पुँजीबाट विकास हुने कृषि र उद्योग बन्द छन्। उत्पादन बढाउनभन्दा कर बढाउनमा होडबाजी मच्चिएको छ। के साँच्चै देशव्यापी रूपमा रेल्वे सेवा विकास र विस्तार गर्न सकिँदैन र ? सरकारले किन यस्ता योजनाका लागि सेयर बजारको उपयोग गर्न खोज्दैन ? सत्तामा पुग्ने र सत्तामै टिकिरहनेहरूको जमातका बीचमा भ्रमित चाकडीबाजले सुविधाको उपभोग गरिरहँदा देशमा लोकतन्त्र आएको झन्डै दुई दशकमा पनि व्यावसायिक राजनीतिकर्मीको बिर्ता स्थापित छ।

पार्टीमा होमिएर सत्तामा पुगेका युवा भनिनेमा पनि विकास र समाज विनिर्माणको गुञ्जाइस छैन। विकसित मुलुक प्राविधिक विकास र आधुनिक निर्माणको बिगुल घन्काएर दगुरेका छन्। यद्यपि विश्व परिवेश र हाम्रो दुर्दशाका बीचमा हामीले साम्यवादको भोटो भिरेर नवसामन्तवादकै कोट ओढिरहेको यथार्थमा आमूल वैचारिक विमर्शको चिन्तन आवश्यक छ। आर्थिक र सामाजिक रूपान्तरणको बाटोमा रचनात्मक बुद्धिविलासकै खाँचो देखिन्छ।

**साभार अन्नपूर्णपोष्ट्**


**छिपहरमाई गाउँपालिका**
**छिपहरमाई गाँउ कार्यपालिकाको कार्यालय**
**भिस्वा, पर्सा**
**मधेश प्रदेश, नेपाल**

**करारमा सेवा लिने सम्बन्धि सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७९।०८। २४)**

**यस छिपहरमाई गाउँपालिका गाउँ गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत तपसिल बमोजिमका करार सेवामा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले दस्तुर तिरेको रसिद तथा तोकिएको कागजात सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम र अन्य जानकारी कार्यपालिकाको कार्यालय भिस्वाबाट उपलब्ध हुनेछ ।**

| क्र.स. | विज्ञापन नं. | पद | तह | मांग संख्या |
|---|---|---|---|---|
| १ | १९।२०७९।८० | कृषि स्नातक प्राविधिक | छैठो तह सरह | १ (एक) |

१. **आवश्यक न्युनतम योग्यता र अनुभव**

नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञापनमा कम्तिमा स्नातक तह उत्तिर्ण भएको ।

दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

कुनै पनि कानुनले अयोग्य नभएको ।

२. **दरखास्त दिने स्थान** : छिपहरमाई गाँउ कार्यपालिकाको कार्यालय, भिस्वा, पर्सा ।

३. **दरखास्त दिने अन्तिम मिति** : २०७९।०९।०८ गते शुक्रवार सम्म ।

४. **आवेदनको दस्तुर** : १०००।०० (एक हजार)

५. **छनौटको किसिम** : प्रारम्भिक योग्यताक्रमको सुचि प्रकाशन र लिखित परिक्षा तथा प्रयोगात्मक परिक्षा ।

६. **राजस्व बुझाउने खाताको नाम र नं.** : ग १।१ आन्तरिक राजश्व खाता नं। L6CA000187452406

७. **आवेदन साथ संल्गन कागजातह** :

नागरिकता

न्युनतम योग्यताको लाबधांक प्रमाण पत्र

चारित्रिक प्रमाण पत्र

काम संग सम्वन्धित अनुभव भए सोको कागजात

३ प्रति पासपोर्ट साईजको फोटो

८. **सेवा सुविधा तथा अन्य** : स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**



**सुचना सुचना सुचना**

